बागमती प्रदेश सरकार

# संस्कृति तथा पर्यटन मन्त्रालय

मानननीय सुरेश श्रेष्ठ
मन्त्री

हेटौंडा, नेपाल
मितिः २०८२।०६।११
ने.सं. ११४५ कौलाथ्व पञ्चमी शनिवार

## विश्व पर्यटन दिवस २०२५ को अवसरमा शुभकामना ।

बागमती प्रदेश प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरूले भरिपूर्ण भएकाले पर्यटकहरूको प्रमुख आकर्षणको केन्द्र बनेको छ । यहाँका हिमाल–पहाड, हरियाली वन जंगल, ताल–तलैया, स्वच्छ नदीनाला, अमूल्य ऐतिहासिक तथा धार्मिक सम्पदा, साथै बसोबास गर्ने विविध जातजातिका संस्कृति, परम्परा र भेष भूषाले पर्यटकहरूलाई अनवरत आकर्षित गर्दै आएका छन् । यसै कारण पर्यटन व्यवसाय प्रदेशमा रोजगारी सिर्जना गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने र समग्र आर्थिक विकासमा टेवा पुर्‍याउने मुख्य आधार स्तम्भका रूपमा स्थापित भएको छ । साथै यसले सांस्कृतिक आदानप्रदान र दिगो विकासलाई पनि सबल बनाएको छ ।

देशको राजधानी र अन्तर्राष्ट्रिय विमानस्थल यसै प्रदेशमा अवस्थित भएकाले पर्यटन क्षेत्रमा असीम सम्भावना रहेको स्पष्ट देखिन्छ । तर, यस सम्भावनालाई सफलतापूर्वक उपयोग गर्न आकर्षक र सकारात्मक छविको निर्माण अपरिहार्य छ, जसका लागि पूर्वाधार विकास, प्रचार–प्रसार र ब्रान्डिङमा पर्याप्त लगानी गर्न जरुरी छ ।

संयुक्त राष्ट्रसङ्घीय विश्व पर्यटन सङ्गठन (UNWTO) ले २७ सेप्टेम्बर २०२५ मा "Tourism and Sustainable Transformation" भन्ने मूल विषयवस्तुका साथ ४६ औँ विश्व पर्यटन दिवस मनाइरहेको छ। यसै सन्दर्भमा बागमती प्रदेश सरकारले पनि संस्कृति तथा पर्यटन मन्त्रालयमार्फत विविध कार्यक्रमका साथ यस दिवसलाई भव्य रूपमा मनाइरहेको छ ।

यस अवसरले हामी सबैलाई पर्यटकहरूको व्यक्तिगत सुरक्षाको प्रत्याभूति, स्वतन्त्र आवागमन, सहज र सुलभ यातायात तथा हवाई पहुँच, उचित दरमा आवास सुविधा, सरसफाइयुक्त आतिथ्यताको प्रवर्द्धन र समग्रतामा पर्यावरणमैत्री पर्यटन अभ्यासलाई आत्मसात् गर्न प्रेरित गर्दछ ।
साथै विश्व पर्यटन दिवस २०२५ को यस विशेष अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मानननीय सुरेश श्रेष्ठ
मन्त्री